

# नेपालमा जनसंचारको विकासक्रम :

## संक्षिप्त इतिहास

सर्वांगीण विकास अध्ययन केन्द्र (IIDS) बाट प्रकाशित ***जनसंचार र प्रजातन्त्रीकरण नेपालको सन्दर्भमा एक अध्ययन*** पुस्तकबाट साभार उद्धृत

| इ.सं. | वि.सं. | प्रमुख घटना |
|---|---|---|
| १८५१ | १९०८ | – प्रधान मन्त्री जंग बहादुर राणा द्वारा बेलायतबाट नेपालमा हाते प्रेस झिकाइएको |
| १८८१ | १९३८ | – हुलाक गोश्वारा द्वारा हुलाक टिकटको प्रकाशन |
| १८८६ | १९४३ | – मोतीराम भट्टद्वारा बनारसबाट प्रथम नेपाली पत्रिका "गोर्खाभारत जीवन" (मासिक) को प्रकाशन |
| १८९३ | १९५० | – मोतीराम भट्टद्वारा प्रथम गैरसरकारी छापाखाना पशुपति छापाखानाको काठमाडौँमा स्थापना |
| १८९५ | १९५५ | – प्रथम साहित्यिक पत्रिका "सुधासागर" (मासिक ) को प्रकाशन |
| १९०१ | १९५८ | – "गोर्खापत्र" (साप्ताहिक ) को प्रकाशनको शुरुवात (प्रधानमन्त्री देब शमशेरको पहलकदमीमा); (वि.सं २००० मा गोरखापत्र अर्ध–साप्ताहिकका रूपमा र वि.सं २०१७ देखि दैनिक रूपमा प्रकाशित)<br>– गंगा प्रसाद प्रधानद्वारा मासिक पत्रिका "गोर्खा खवर कागत" ( नेपाली/अंग्रेजी) को संपादन |
| १९०६ | १९६३ | – बनारसबाट "सुन्दरी" (मासिक) को प्रकाशन |
| १९१३ | १९७० | – गोर्खा भाषा प्रकाशिनी समिति (पछि नेपाली भाषा प्रकाशिनी समिति नामकरण गरिएको) द्वारा छपाई सम्बन्धी ऐन ल्याइएको |
| १९१४ | १९७१ | – दूरसंचार सेवाको शुरुवात<br>– काठमाडौं देखि रक्सैलसम्म ढक टेलिफोन सेवाको स्थापना |
| १९२२ | | – नेपालमा रज्जुमार्ग (रोप वे) को शुरुवात |
| १९२५ | १९८२ | – कलकत्ताबाट पहिलो नेवारी सास्कृतिक पत्रिका "बुध्द धर्म" को प्रकाशन |
| १९२६ | १९८३ | – ठाकुर चन्दन सिंहद्वारा नेपालीका लागि प्रथम अंग्रेजी साप्ताहिक "हिमालय टाइमम्स" को देहरादूनबाट प्रकाशन |
| १९२८ | | – नेपालमा रेलसेवा आरम्भ |
| १९३३ | १९९० | – हुलाकबाट मनिअर्डर सेवाको प्रारम्भ |

| | | |
|---|---|---|
| १९३४ | १९९१ | – ऋद्धिबहादुर मल्लद्वारा काठमाडौँबाट "शारदा" (मासिक) को प्रकाशन |
| १९३५ | १९९२ | – २५ वटा स्वचालित टेलिफोन लाइनको स्थापना |
| १९३७ | १९९४ | – पत्रपत्रिकाको रजिष्टेशन सम्बन्धी ऐन |
| १९४५ | | – प्रधानमन्त्री पद्म शम्शेरद्वारा नेपालीलाई निजी रेडियो राख्ने अनुमति प्रदान |
| १९४६ | २००३ | – नेपाल विद्युत कर्पोरेशनद्वारा प्रथम रेडियो प्रसारण |
| १९४७ | २००४ | – नेपालमा चलचित्रको पहिलो सार्वजनिक प्रदर्शन<br>– नेपाल संवैधानिक कानुनद्वारा नागरिकहरूको मौलिक अधिकारको रूपमा पहिलो पल्ट प्रेस  र अभिव्यक्तिको स्वतन्त्रताको उल्लेख |
| १९४८ | २००५ | – छापाखाना र प्रकाशन सम्वन्धी ऐन राष्ट्रव्यापी रूपामा लागू ।<br>– कलकत्ताबाट नेपाली काँग्रेसको पत्रिका "नेपाल पुकार" को प्रकाशन<br>– मौलिक हक सम्बन्धी ऐनद्वारा पुस्तक तथा पत्रपत्रिकाको प्रकाशनलाई नियन्त्रण र प्रेसको संचालन सुव्यवस्था गर्नुका साथै प्रकाशन स्वतन्त्रताको किटान गरिएको, साथै सो कानूनका प्रावधानको उल्लंघन गरिएमा दण्ड सजायको पनि व्यवस्था गरिएको |
| १९४९ | २००६ | – आकाशवाणी सेवाको शुरुवात<br>– काठमाडौँबाट नेपाली दैनिक "गुनासो" (स्लेट पत्रिका) को जेलका बन्दीद्वारा प्रकाशन<br>– "काठमाडौ सिनेमा हल" को स्थापना, विस २००७ मा सो हलको नामाकरण "जनसेवा" गरिएको |
| १९५० | | – नेपाल प्रजातन्त्र रेडियोबाट "आवाज" नामक मिटर ब्यान्डमा कार्यक्रमको प्रसारण प्रारम्भ |
| १९५१ | २००७ | – प्रथम नेपाली चलचित्र "सत्य हरिश्चन्द्र" को छायाङ्कन आरम्भ<br>– प्रथम गैरसरकारी साप्ताहिक साहित्यिक पत्रिका "जागरण" को प्रकाशन ( फाल्गुण ४)<br>– प्रथम गैरसरकारी नेपाली दैनिक "आवाज" को प्रकाशन<br>– रेडियो नेपालको स्थापना (चैत्र २०, २५० वाटको ट्रान्समिटरमा साढे चार घंटाको कार्यक्रम प्रसारण (इ. १९५३ मा ६० वाट मिडियम वेभमा, इ.१९५६ र १९६२ मा ५ किलोवाट सर्टवेभमा, इ.१९६८ मा १०० किलोवाट सर्टवेभमा र १० किलोवाट मिडियम वेभमा प्रसारण आरम्भ, इ. १९८३ मा काठमाडौँ र पोखरामा १–१ वटा मिडियम वेभ प्रसारण केन्द्रको स्थापना)<br>– अन्तिरिम शासन विधानद्वारा नेपालमा पहिलो पल्ट नेपाली नागरिकको |

| | | |
|---|---|---|
| | | मौलिक अधिकार तथा प्रेस एवं प्रकाशन स्वतन्त्रताको उल्लेख<br>– पि.टि. आइ.का प्रतिनिधिहरूकोनेपालमा आगमन |
| १९५२ | २००८ | – नेपाल छापाखाना र प्रकाशन रजिष्ट्रेशन सम्बन्धी ऐन<br>– प्रथम नेपाली पत्रकार संघ (सभापतिःसत्यनारायन श्रेष्ठ)<br>– नेपाल गजेटको प्रकाशन<br>– पहिलो नेपाली चलचित्र "सत्य हरिश्चन्द्र" को प्रदर्शन<br>– महिला संगठनद्वारा "महिला" (नारीप्रधान मासिक) को प्रकाशन |
| १९५३ | २००९ | – छापापाखाना र प्रकाशन सम्बन्धी ऐन<br>– "जय नेपाल" र "विश्व ज्योति"सिनेमा हलको स्थापना<br>– दोस्रो नेपाली दैनिक "समाज" को प्रकाशन |
| १९५४ | २०१० | – साहित्यक द्वैमासिक "प्रगति" को प्रकाशन |
| १९५५ | २०११ | – नेपाल मोसन पिक्चर्स एसोशिएसनको स्थापना, वि.स. २०४२ मा नेपाल चलचित्र संघ नामाकरण गरिएको |
| १९५६ | २०१२ | – नागरिक अधिकार ऐन, २०१२<br>– "नेपाल भाषा पत्रिका" (नेवारी) को प्रकाशन<br>– दोस्रो नेपाली पत्रकार संघ<br>– "हिमालय टाकिज" (विराटनगर) को स्थापना<br>– "द कमनर" (अंग्रेजी दैनिक) को प्रकाशन<br>– दुई दशकको प्रयासपछि नेपाल अन्तराष्ट्रिय हुलाक संगठनको सदस्य, हुलाक सेवाको विस्तार |
| १९५७ | २०१४ | – स्वस्थ पत्रकारिताको विकासका लागि तथा अर्ध–सरकारी स्तरमा राष्ट्रिय समाचार समितिको स्थापनाका लागि सुझाव दिन श्री ५को सरकारद्वारा पहिलो प्रेस आयोगको गठन<br>– "द मदरल्याण्ड" (अंग्रेजी दैनिक) को प्रकाशन |
| १९५९ | २०१६ | – प्रथम समाचार समिति नेपाल संवाद समिति (पौष १) को स्थापना<br>– "नेपाल एडभर्टाइजर्स" को स्थापना<br>– गाली बेइज्जती तथा सजाय ऐन |
| १९६० | २०१७ | – अर्को समाचार समिति "सगरमाथा सम्वाद समिति" को स्थापना, वि.स. २०१८, फागुन ७ मा यी दुई समाचार समिति मिलेर "राष्ट्रिय सम्वाद समिति" को गठन, वि.सं. २०२८ मा राष्ट्रिय समाचार समिति नामाकरण |

| | | |
|---|---|---|
| | | गरिएको<br>– नेपाल एडभर्टाइजर्स" को स्थापना (पछि बन्द गरिएको)<br>– रेडियो नेपालद्वारा जिल्ला स्तरीय समाचार सेवाको प्रारम्भ<br>– अन्तराष्ट्रिय टेलिफोन सेवाको स्थापना<br>– "गोरखापत्र"को दैनिक रूपमा प्रकाशन शुरु गरिएको |
| १९६१ | २०१८ | – विदेशी समाचार संस्था ए.एफ्.पी. (AFP) सित सम्झौता भएपछि अन्तर्राष्ट्रिय समाचारको नियमित प्रवाह शुरु<br>– सरकारद्वारा निजी क्षेत्रका पत्रपत्रिकालाई सहायता व्यवस्था<br>– सरकारी क्षेत्रबाट न्यूजरील, वृत्ततित्र, चलचित्र क्षेत्रमा पहलकदमी<br>– नेपाली लोक संगीतको अभिवृद्धिको लागि रत्न रेकर्डिङ ट्रष्टको स्थापना<br>– शाही नेपाल वायुसेवा निगमको आन्तरिक उडान प्रारम्भ<br>– श्री ५को सरकारद्वारा संचार तथा प्रसारण सेवाका निम्ति दुई भिन्नाभिन्नै विभागको स्थापना<br>– अमेरिकी सहयोगद्वारा पहिलो स्वचालित टेलिफोन एक्सचेन्जको व्यवस्था |
| १९६४ | २०२० | – गोरखापत्र संस्थानको स्थापना (आश्विन २५) |
| | २०२१ | – श्रमजीवी पत्रकार संघ (पछि बन्द गरिएको)<br>– रेडियो नेपालद्वारा अंग्रेजीमा बाह्य सेवा कार्यक्रमको शुरुवात |
| १९६५ | २०२२ | – सूचना तथा संचार मन्त्रालयको स्थापना (त्यति बेलासम्म गृह तथा पञ्चायत मन्त्रालयको एक भागको रूपमा राखिएको)<br>– पूर्णतया नेपाली कलाकारद्वारा अभिनित नेपाली चलचित्र "आमा" प्रारम्भ<br>– अंग्रेजी दैनिक "द राइजिङ्ग नेपाल" को प्रकाशन आरम्भ<br>– प्रेस  क्लबको स्थापना (सभापति : मणि राज उपाध्याय) |
| | २०२३ | – नेपाली चलचित्र "माइतिघर " को प्रथम प्रदर्शन |
| | २०४२ | – प्रेस सल्लाहकार समिति स्थापना, वि.सं. २०२७ मा प्रेस सल्लाहकार परिषद नामकरण गरिएको |
| १९६८ | २०२५ | – रेडियो नेपालद्वारा बाणिज्य सेवाको प्रारम्भ<br>– नेपाली चलचित्र "हिजो आज भोलि" को छायाङ्कन प्रारम्भ |
| १९७१ | २०२७ | – छापाखाना र प्रकाशन ऐन २०१९ अन्तर्गत प्रेस काउन्सिलको स्थापना ( वर्तमान प्रेस काउन्सिल छापाखाना र प्रकाशन ऐन २०३२ अन्तर्गत स्थापित)<br>– काठमाडौंदेखि हङकङसम्म टेलिप्रिन्टर सेवाको शुरुवात |
| | २०२८ | – नयाँ सञ्चार नीति (नारा - विकासको लागि संचार) द्वारा राष्ट्रिय |

| | | |
|---|---|---|
| | | विकासमा संचारको भूमिकामा जोड, साथै निजी क्षेत्रका पत्रिकाको मूल्याङ्कन तथा वर्गीकरणका लागि अंकको व्यवस्था<br>– नेपाल साहित्यिक पत्रकार संघ<br>– नेपाल श्रमजीवी पत्रकार संगठन<br>– शाही नेपाली चलचित्र संघको स्थापना (कार्तिक १६) |
| १९७३ | | – नयाँ शिक्षा नीति<br>– निजी क्षेत्रमा चलचित्रको विकासका लागि चलचित्र सम्बन्धी ऐन |
| | २०३० | – नेपाली चलचित्र "मनको बाँध" को प्रदर्शन |
| १९७५ | | – श्री ५ को सरकारप्रति पूर्णतया उत्तरदायी हुने गरी नेपाल दूर संचार संस्थानको स्थापना, सो संस्थानको अधीनमा टेलिफोन (स्थानीय तथा आन्तरिक एवं बाह्य ट्रंककल सेवा), आन्तरिक तथा अन्तर्राष्ट्रिय टेलिग्राफ सेवा, आकाशवाणी, टेलेक्स, पिक्चर टेलिग्राम तथा फ्याक्स सेवाहरू राखिएको<br>– अमेरिकी विशेषज्ञ डा. मेयोको नेतृत्वमा गठित अध्ययन टोलीद्वारा रेडियोको सम्भाव्यता अध्ययनपछि 'नेपालको लागि विकासोन्मुख रेडियो' रिपोर्ट प्रस्तुत |
| | २०३३ | – छापाखाना र प्रकाशन ऐन (प्रेस स्वतन्त्रतालाई नियन्त्रण गर्ने कडा कानूनको व्यवस्था, पत्रपत्रिकाको दर्ता खारेज वा धरौटी जफत भएमा कुनै अदालतमा उजुरी गर्न नपाइने)<br>– त्रिभुवन विश्वविद्यालय अन्तर्गत रत्न राज्य लक्ष्मी क्याम्पस काठमाडौंमा प्रमाणपत्र तहमा पत्रकारिता विषयको पढाई शुरु |
| | २०३६ | – त्रिभूवन विश्वविद्यालय अन्तर्गत पाटन बहुमुखी क्याम्पसमा पत्रकारिता विषयमा स्नातक तहको पढाई शुरु |
| १९८१ | २०३७ | – नेपालको पत्रकारिता क्षेत्रको समस्याहरूका बारेमा अध्ययन गरेर सुझाव दिन शाही प्रेस आयोगको स्थापना, सो आयोगद्धारा श्री ५ समक्ष श्रावण १३, २०३८ मा प्रतिवेदन प्रस्तुत<br>– रेडियो प्रविधिलाई प्रयोग गरेर विकासका गतिविधिलाई सघाउन वर्ल्डभ्यू इन्टरनेशलन फाउन्डेसन (WIF) नेपालको स्थापना |
| १९८२ | | – पंचायती संविधानको तेस्रो संशोधनपछि उदार छापाखाना र प्रकाशन ऐन ल्याइएको, सो ऐनद्वारा प्रेस तथा पत्रकारिताको क्षेत्रमा रहेका नियन्त्रणात्मक कानून खारेज<br>– बलम्बुमा पृथ्वी भू-उपग्रहीय केन्द्र सगरमाथाको स्थापना, नेपाल इन्टलस्याट भू-उपग्रहको माध्यमद्वारा भू-उपग्रहीय संचारको युगमा प्रवेश<br>– विकेन्दीकरण ऐनद्वारा ग्रामीण क्षेत्रका वासिन्दासित सम्बन्धित परियोजनाको निर्माणमा गाउँले जनताको सहभागितामा जोड |
| १९८३ | | – छापाखाना र प्रकाशन नियमावलीद्वारा गत वर्षको उदार नीतिमाथि नियन्त्रण, पत्रिकालाई व्यवसायको रूपमा संचालन गर्न कही शर्तहरू राखिएको (त्यसको लगत्तै ५० भन्दा बढी पत्रिकाको दर्ता खारेज गरिएको वा |

| | | |
|---|---|---|
| | | प्रकाशनमा रोक लगाइएको) |
| १९८४ | | – रेडियो नेपाललाई पूर्णतः आर्थिक तवरले आत्मनिर्भर बनाउनका लागि संचार विभागलाई रेडियो संचार सेवामा रूपान्तरित, त्यसको माथिल्लो निकायमा संचार मन्त्रालयको अधीनमा रहने गरी एक उच्चस्तरीय बोर्डको स्थापना,<br>– निजी क्षेत्रका पत्रपत्रिकाबाट बिगत वर्षको नियन्त्रणात्मक नियमावलीको विरोध भएपछि त्यसमा केही सुधार, पत्रपत्रिकाले प्रकाशन गर्नुपर्ने निर्धारित न्यूनतम अंकको संख्या घटाइनुका साथै राज्यबाट सहयोग लिनका लागि नयाँ मापदण्डको व्यवस्था<br>– नाफा कमाउने उद्देश्य नभएको संस्थाको रूपमा नेपाल प्रेस इन्स्टिच्यूटको स्थापना, सो संस्थाले तालीम, अध्ययन, अनुसन्धान, प्रकाशन तथा कन्सल्टेन्सीद्वारा पत्रकारिताको संस्थागत विकासमा सहयोग पुऱ्याउने उद्देश्य लिएको, संस्थाको कार्यकारी बोर्डमा संचार क्षेत्रका विभिन्न व्यक्तिहरूको प्रतिनिधित्व<br>– नेपाल प्रेस इन्स्टिच्यूटद्वारा दश महिने पत्रकारिता विषयक तालीमको शुरुवात |
| | २०४० | – कुरियर सेवा प्ररम्भ |
| १९८५ | २०४१ | – नेपाल टेलिभिनजको स्थापना, प्रयोगात्मक रूपमा शुरु गरिएको ने.टि.भि. को कार्यक्रम पछि गएर नियमित रूपमा दैनिक आधा घण्टा प्रसारण, ४०० टि.भी. सेटद्धारा २,००० दर्शकसम्म सो कार्यक्रमको पहुँच<br>– नेपाल प्रेस इन्स्टिच्यूट, संयुक्त राष्ट्र संघ वाल कोष (UNICEF) तथा कृषि विकास बैंकको संयुक्त प्रयासमा पहिलो भित्ते पत्रिका "गाउँघर" को प्रकाशन<br>– अंग्रेजी पाक्षिक पत्रिका "स्पटलाइट" को प्रकाशन शुरु |
| १९८६ | | – नेपाल टेलिभिजनको प्रथम प्रत्यक्ष प्रसारण (सार्क शिखर सम्मेलन, बङ्गलौर) |
| १९८७ | | – नेपाल वातावरण पत्रकार संघद्वारा वातावरण सम्बन्धी जनचेतना जगाउने उद्देश्यले नेपालको दोस्रो भित्तेपत्रिका "वातावरण" को प्रकाशन |
| १९८८ | | – श्री ५ को सरकारको राष्ट्रिय संचार नीति तथा योजना, तीस पृष्ठको सो दस्ताबेजमा नियमित श्रोता/दर्शक सर्वेक्षणको महत्व स्वीकार, साथै सर्वेक्षण गर्ने सुझाव पेश<br>– डिजिटल टेलिफोनको व्यवस्थाले टेलिफोन सेवाका कमजोरी हटाउन सघाउ<br>– जाइका (JICA) द्वारा नेपाल टेलिभिजनको नेटवर्क विकास योजनाका लागि चार सूत्रीय (१९८६-१९९५) सुझाव पेश |
| १९८९ | | – महिला तथा विकास केन्द्र (CWD) द्वारा महिलाहरूका लागि पत्रकारिता विषयको पढाई प्रारम्भ |
| १९९० | | – प्रजातान्त्रिक सम्बिधानद्वारा छापाखाना र प्रकाशनमाथि नियन्त्रण र बन्देज |

| | | |
|---|---|---|
| | | लगाउने ऐन र नियमहरू खारेज |
| १९९१ | | – दक्षिण एशियाका पत्रकारहरूबीच सहयोग र समझदारी बढाउनका लागि दक्षिण एशियाली संचार संघ (SAMA) नेपाल च्याप्टरको स्थापना<br>– सरकारी संचार माध्यमहरूको स्वसंचालन तथा निजीकरणका निम्ति अन्तरीम सरकारद्वारा नयाँ संचार नीतिको घोषणा |
| १०९२ | | – नयाँ प्रेस काउन्सिल ऐन, प्रेस काउन्सिललाई पत्रपत्रिकाले नैतिक मूल्यको उल्लंघन र पूर्वाग्रही व्यवहार गरेमा नियन्त्रण गर्ने अधिकार प्रदान,<br>– नयाँ प्रेस काउन्सिलको स्थापना, छ सदस्यीय वितरण संपरीक्षण समिति गठन |
| | २०४८ | – "छापाखाना र प्रकाशन सम्बन्धी ऐन" द्वारा संविधानमा उल्लिखित स्वतन्त्रता र उदारताको भावनाको प्रत्याभूति तथा विगतका नियन्त्रणत्मक व्यवस्थाहरूको अन्त्य<br>– अंग्रेजी साप्ताहिक "द इन्डिपेन्डेन्ट" को प्रकाशनका लागि औद्योगिक समूहद्वारा 'इन्डिपेन्डेट प्रकाशन समूह'को स्थापना |
| १९९३ | | – नयाँ संचार नीतिको घोषणा<br>– अर्को एउटा प्रकाशन समूहद्वारा दुई नयाँ दैनिक "कान्तिपुर" (नेपाली) तथा "द काठमाडौं पोष्ट" (अंग्रेजी) को प्रकाशन शुरु<br>– कामना प्रकाशन समूहद्वारा नेपाली दैनिक "महानगर" को प्रकाशन<br>– श्री ५ को सरकारले इ. १९९१ मा अपनाएको राष्ट्रिय जनसंख्या नीतिमा आधारित राष्ट्रिय जनसंख्या, सूचना, शिक्षा तथा संचार नीतिको निर्माण<br>– मैथिली भाषामा रेडियो प्रसारण शुरु |
| १९९४ | | – पत्रकारहरूको वीरगंज महाधिवेशनद्धारा चौध बुदाँको आचार संहिता स्वीकृत<br>– पहिलो सामुदायिक पत्रिका "देउराली" को प्रकाशन<br>– भाषा आयोगद्वारा राष्ट्र भाषाका सम्बन्धमा सुझाव पेश |